कन्सोर्टियम-नेपाल
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION

# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : जुलाई २०२५ वर्ष :४ अकं : ७

## १. बालबालिकाले बुझाए संयुक्त राष्ट्रमा प्रतिवेदनः

१६ जुलाई २०२५: संयुक्त राष्ट्रसंघमा आवद्ध सदस्य राष्ट्रहरुले प्रत्येक पाँच वर्षको अन्तरालमा आफ्नो देशमा मानव अधिकारको अवस्था बारे जानकारी गराउन गर्दछन् । यस प्रकृयामा विभिन्न संघ संस्था र बालबालिका पनि सहभागि हुन्छन्




यहि सन्दर्भमा, बाल सहभागिताको क्षेत्रमा कार्यरत संस्थाहरुको साझा समूह ( कन्सोर्टियम नेपाल) को सहजीकरणमा बालबालिकाको नेतृत्वमा तयार भएको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चोथो चक्र प्रतिवेदन तयार गरी संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयुक्तको समितिमा (OHCHR) मा अनलाइनमार्फत बुझाइएको छ ।

संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयुक्तको समितिमा बुझाइएको सो प्रतिवेदन देशभरीबाट स्थानीय र प्रदेश तहहरुमा बालबालिकाको सुझाव संकलन गरी तयार गरिएका थियो ।

नेपाल अहिले चौथो चक्रमा रहेको छ । तेस्रो चक्रका क्रममा प्राप्त भएका सुझावहरुको कार्यान्वयनको अवस्था समेत चौथो चक्रमा मुल्याङ्कन गरी यो प्रतिवेदनमा समावेश गर्नुपर्ने दायित्व नेपाल सरकारको रहेको छ । नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजको तर्फबाट यस्ता प्रतिवेदनहरु तयार गरिन्छ ।देशका विभिन्न स्थानीय तहहरुबाट सुझाव संकलन गर्दै राष्ट्रिय कार्यशालामा बालबालिकाहरुका प्रतिनिधीहरुमाझ विस्तृत छलफल गरी प्रतिवेदन तयार गरिएको बुझाईएको हो । प्रतिवेदन प्रकृयामा ५०४ जना बालबालिका प्रत्यक्ष रुपमा सहभागि भएका थिए ।

प्रतिवेदनको प्रति बालबालिकाहरुले राष्ट्रिय मानव अधिकार आयोगलाई पनि हस्तान्तरण गरेका थिए ।



# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
# मासिक कार्यसम्पादन पत्र

## २. परियोजना चक्रमा बालसहभागिता विषयक तालिम सम्पन्न :




२२ र २३ जुलाई २०२५ : कन्सोर्टियम नेपालले परियोजना चक्रमा बालसहभागिता विषयक दुईदिने तालिम सम्पन्न गरेको छ । संलल्प परियोजनामा आवद्ध संस्था र कन्सोर्टियम नेपालको सदस्य संस्थाहरु सहभागि भएको तालिममा १७ संस्थाहरुको उपस्थिति रहेको थियो । तालिममा परियोजना चक्रको विभिन्न चरणमा बाल सहभागिता गराउने बारे चर्चा गरिएको थियो ।

तलिमको नेतृत्व बाल अधिकार विज्ञ चन्द्रिका खतिवडाले गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरुले आफ्नो संस्थामा गरिने बाल सहभागिताको अभ्यास बारे प्रस्तुती गरेको थिए ।

सहभागिहरुले तालिम फलदायी रहेको भन्दै आउने दिनमा आफ्नो संस्थाले गर्ने परियोजना चत्रको प्रकृयामा बाल सहभागिता सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## ३. कन्सोर्टियम नेपालको कार्यसमिति सदस्य र कर्मचारीहरु बीच कार्यशाला सम्पन्न:



२० र २१ जुलाई २०२५ : कन्सोर्टियम नेपालले कार्यसमिति सदस्य र कर्मचारीहरु बीच कार्यशाला सम्पन्न गरेको छ । दुई दिन चलेको उक्त कार्यशालामा विभिन्न विषयमा छलफल गरिएको थियो, जस अन्तर्गत:

पहिलो दिन : पहिलो दिन कन्सोर्टियम नेपालले Environmental Code of Conduct र Induction मा व्यापक छलफल गरि कार्यसमिति बैठक बाट अनुमोदन पनि गरेको छ । उक्त दिननै कन्सोर्टियम नेपालले आयोजना गर्ने विभिन्न कृयाकलापमा समान र समावेशी बाल सहभागिता गराउने बारे समूहकार्य आयोजना गरिएको थियो । विभिन्न समुह मार्फत प्राप्त सुझावलाई सबै सहभागिहरुले ममन गर्दै आउने कार्यक्रममा समावेशी बाल सहभागिताको नीति अबलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

दास्रो दिन : कार्यक्रामको दोस्रो दिन कार्यसामति बैठकसंगै हाम्रा कार्यक्रमहरूमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण अभ्यासहरू कसरी सुनिश्चित गर्ने भन्नेबारे छलफल गरिएको थियो । छलफलको नेतृत्व पिपुल ईन निडबाट जेन्डर फोकल पर्सनले गर्नुभएको थियो ।



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## सदस्य संस्थाका गतिविधिहरु

### १. बाल अधिकार र बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न :




मध्यविन्दु नगरपालिका वडा नम्बर ३ र ४ का बाल क्लब संजालका पदाधिकारीलाई बाल अधिकार, किशोरी अधिकार र बालमैत्री स्थानीय शासनसम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

जागृति बाल तथा युवा सरोकार नेपालको आयोजनामा क्यान्नलानको सहयोगमा मध्यबिन्दुमा संचालित किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गत वडा स्तरीय बाल संजालका पदाधिकारीहरुलाई तालिम सन्चालन गरिएको कार्यक्रम अधिकृत राधा बोटेले बताउनुभयो ।

मध्यविन्दु ३ को कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष डिल्लीराम थारुले बालबालिकाको उज्वल भविष्य निर्माण उनीहरूकै हातमा रहेको उल्लेख गर्दै, शिक्षामा निरन्तरता, जिम्मेवारी र अनुशासनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । बाल विवाहले भविष्यमा ल्याउने कानुनी झन्झट र अवसर गुमाउने जोखिमबारे समेत उहाँले सचेत गराउनुभयो ।

सोहि वडाको कार्यक्रमको अध्यक्षता वडा नं. ४ बाल क्लबका उपाध्यक्ष सिउराज चौधरीले गर्नुभएको थियो भने कार्यक्रममा बाल क्लबका पदाधिकारी, बालबालिका, शिक्षक तथा सरोकारवालाहरु गरी ४४ जना सहभागी थिए ।

साथै सभाध्यक्ष प्रतीक नेपालले यस्ता कार्यक्रम बालबालिकाका लागि सिकाइ र सहभागिता अभिवृद्धि गर्ने अवसर भएको उल्लेख गर्दै आगामी दिनमा समेत वडामा यस्ता कार्यक्रम निरन्तर आयोजना हुनुपर्नेमा जोड दिनुभयो।

सो कार्यक्रम मध्यविन्दु वडा नं. ३ को कार्यक्रममा वडास्तरीय बाल संजालका उपाध्यक्ष प्रतीक नेपालको अध्यक्षता र वडाध्यक्ष मान बहादुर महतोको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बाल क्लबका पदाधिकारीहरू तथा अन्य बालबालिकाहरू गरि ५० जना सहभागी भएका थिए ।

### २.महिनावारी सरसफाई र पुन प्रयोग योग्य प्याड निर्माण कार्यशाला मध्यविन्दुमा सम्पन्न :

मध्यविन्दु नगरपालिकामा किशोरीहरुको लागि यौन तथा प्रजनन स्वास्थ्य, महिनावारी सरसफाई तथा स्वच्छता र घरमा नै निर्माण गर्न सकीने पुन प्रयोग गर्न सकीने प्याड बनाउने तालिम मध्यविन्दु नगरपालिकामा सम्पन्न गरिएको छ

मध्यविन्दु नगरपालिकामा जागृति बाल तथा युवा सरोकार नेपालले क्यान्नालनसँगको साझेदारीमा सञ्चालित किशोरी शसक्तिकरण कार्यक्रम अन्तर्गतका ३० जना साथी शिक्षकहरुलाई सो तालिम सञ्चालन गरिएको हो । किशोरी शसक्तिकरण कार्यक्रम अन्तर्गत छनौट भएका किशोरीहरुलाई विभिन्न



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४ participation.consortium@gmail.com, Fb: Consortium Nepal

विषयहरुमा विभिन्न चरणहरुको तालिम प्रदान गरी उनीहरुको मार्फतबाट विद्यालय र समुदायस्तरमा उनीहरुले लिएका तालिमको विषयमा सिकाउने र छलफल गर्ने साथी बाट साथी अवधारणाका साथ विगत १ वर्षदेखी मध्यविन्दुमा सञ्चालन गरिरहेको छ ।

कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका परिवार योजना तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रमको फोकल पर्सन सागर पराजुलीले यौन तथा प्रजनन स्वास्थ्य, पोषण, महिनावारी सरसफाई तथा स्वच्छताको बारेमा सहजिकरण गर्नुभएको थियो ।




कार्यक्रमको समुद्घाटन समारोहमा नगर प्रमुख भिमलाल अधिकारीले किशोरीहरुको शसक्तिकरणको लागि यो तालिम फलदायी रहेको र कुनै पनि हिसावले किशोरीहरु कमजोर रहेको नसोची आफु र आफ्नो विकासको लागि लाग्न अनुरोध गर्नुभयो । व्यक्तित्व विकास सँगै समाजका हानिकारिक अभ्यासहरु समेत न्युनीकरणमा विद्यालय र समुदायस्तरमा कार्यक्रमहरु सञ्चालन गर्न उहाँले जोड दिनुभयो । कार्यक्रममा नगरका ३० जना किशोरीहरुको सहभागिता रहेको थियो ।

### कन्सोर्टियम नेपालले जुलाई २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण:

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | बाल विवाह मुक्त गाउँपालिका घोषणाको लागि अभिमुखिकरण कार्यक्रम | लु:निभा बाल सरोकार समूह |
| २. | बाल केन्द्रित मानव अधिकार विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदसम्बन्धी कार्यशाला | CZOP |



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal